“हामी सबैको रहर, सभ्य र समृद्ध बेसीशहर”

बेसीशहर नगरपालिकाको आधिकारिक त्रैमासिक प्रकाशन

# बेसीशहर बुलेटिन

बर्ष: २ अङ्क: ३ (माघ – चैत्र) २०८३ बैशाख १ गते, मंगलवार (नेपाल सम्वत: ११४६, चौलागा द्वादशी)

## बालविकासदेखि माध्यमिक तहसम्मै प्रविधिमैत्री शिक्षण



**बेसीशहर, लमजुङ ।**
परम्परागत शिक्षण पद्धतिलाई आधुनिकीकरण गर्दै बेसीशहर नगरपालिकाले सामुदायिक विद्यालयहरूमा 'डिजिटल शिक्षण सिकाई सुरुवात गरेको छ । नगरपालिकाले अघि सारेको 'प्रविधिमैत्री शिक्षण सिकाइ र अनुगमन कार्यक्रम) अन्तर्गत विद्यालयहरूको भौतिक र शैक्षिक पूर्वाधारलाई प्रविधिसँग जोडिएको हो ।

यस अभियानको पहिलो चरणमा नगरपालिकाका २० वटा सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास (ECD) कक्षाहरूलाई प्रविधिमैत्री बनाइएको छ । ती कक्षाकोठाहरूमा बालबालिकाको रुचि र तह अनुसारका डिजिटल पाठ्यसामग्रीहरू समावेश गरिएका आधुनिक एल.इ.डि. (LED) टि.भी. जडान गरी पठनपाठन सुरु गरिएको छ । दृश्य र श्रव्य माध्यमबाट सिकाइँदा साना बालबालिकाहरूमा सिकाइप्रति आकर्षण बढ्ने र उनीहरूले छिटो बुझ्ने अपेक्षा नगरपालिकाले लिएको छ।

बालविकास मात्र नभई माध्यमिक तहको शिक्षालाई समेत समयसापेक्ष बनाउन नगरपालिकाले विशेष पहल थालेको छ । नगरभित्रका माध्यमिक विद्यालयहरूको कक्षा ८, ९ र १० लाई पूर्ण रूपमा प्रविधिमैत्री बनाउनका लागि आवश्यक प्रक्रिया अन्तिम चरणमा पुगेको छ । धेरैजसो विद्यालयहरूमा आइसिटी (ICT) उपकरणहरू जडान भई प्रविधिको प्रयोगबाट शिक्षण सिकाइ क्रियाकलाप समेत सञ्चालनमा आइसकेका छन् ।

विद्यालयहरूमा सूचना र सञ्चार प्रविधिको प्रयोग बढेसँगै शिक्षक र विद्यार्थीहरूमा नयाँ उत्साह देखिएको छ । “अबको शिक्षा केवल पाठ्यपुस्तकमा मात्र सीमित रहेर सम्भव छैन, त्यसैले हामीले कक्षाकोठामै प्रविधिको पहुँच पुर्‍याएका हौं,” नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । प्रविधिमैत्री शिक्षणको प्रभावकारिता बुझ्न नगरपालिकाले नियमित अनुगमनको संयन्त्र समेत तयार पारेको छ । यस कार्यक्रमले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा व्यापक सुधार ल्याउने विश्वास लिइएको छ ।



## शिक्षण सिकाइमा सूचना प्रविधि र एआई प्रयोग सम्वन्धि प्रशिक्षक प्रशिक्षण तालिम




**बेसीशहर, २०८२/१०/२२ गते**
बेसीशहर नगरपालिकाले विद्यालयको पठनपाठनलाई आधुनिक प्रविधिसँग जोड्दै 'आर्टिफिसियल इन्टेलिजेन्स (AI) सम्मको पहुँच पुर्‍याउने लक्ष्यका साथ विशेष प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । 'प्रविधिमैत्री शिक्षण सिकाइ र अनुगमन कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयका ४० जना आइटी (IT) फोकल शिक्षकहरूका लागि एकदिने पालिकास्तरीय प्रशिक्षक प्रशिक्षण (ToT) कार्यक्रम सञ्चालन गरिएको हो । २०८२ माघ २२ गते आयोजित उक्त कार्यक्रममा सहभागी शिक्षकहरूलाई पछिल्लो समयको बहुचर्चित प्रविधि 'एआई को शिक्षण सिकाइमा प्रयोग र साइबर सुरक्षाका चुनौतीबारे गहन प्रशिक्षण दिइएको थियो ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन अधिकारीले शिक्षण सिकाइमा प्रविधिको प्रयोग र यसबाट सिकाइमा पर्ने सकारात्मक प्रभावको बारेमा सहजीकरण गर्नुभएको थियो भने कम्प्युटर अपरेटर रेशम घिमिरे खत्रीले बढ्दो प्रविधिको प्रयोगसँगै निम्तने जोखिम र त्यसबाट बच्न अपनाउनुपर्ने 'साइबर सुरक्षा (Cyber Security) का उपायहरूबारे सहजीकरण गर्नुभएको थियो त्यसै गरी विषय विज्ञ प्रकाश न्यौपानेले शिक्षा क्षेत्रमा एआई (AI) को प्रयोग, यसले शिक्षण विधिलाई कसरी सहज र प्रभावकारी बनाउन सक्छ भन्ने विषयमा प्रयोगात्मक प्रशिक्षण दिनुभएको थियो ।

कार्यक्रममा नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समितिका संयोजक मदन बहादुर राना र शिक्षा समिति सदस्य हिरा वि.क. लगायतको उपस्थिति रहेको थियो । सो अवसरमा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाले अवलम्बन गरेको प्रविधिमैत्री शिक्षण सिकाइ रणनीतिको कार्यान्वयनमा जोड दिँदै आगामी दिनमा बेसीशहरको शिक्षालाई पूर्णतः प्रविधिमैत्री बनाइने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

प्रविधिको यो नयाँ अभ्याससँगै बेसीशहरका विद्यालयहरू अब परम्परागत शिक्षणबाट माथि उठेर आधुनिक र प्रविधिमा आधारित सिकाइमा प्रवेश गर्ने विश्वास नगरपालिकाले लिएको छ ।

## सामुदायिक विद्यालयका प्र अ र लेखापालहरूलाई क्षमता विकास तालिम



**बेसीशहर, लमजुङ मितिः २०८२/१०/१०**
बेसीशहर नगरपालिकाले सामुदायिक विद्यालयहरूको प्रशासनिक कार्यलाई चुस्त बनाउन र आर्थिक पारदर्शिता सुनिश्चित गर्ने उद्देश्यले प्रधानाध्यापक तथा लेखापालहरूका लागि एक दिने क्षमता विकास तालिम सम्पन्न गरेको छ। २०८२ माघ १० गते आयोजित उक्त तालिममा नगरपालिका भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक र लेखापालहरूको सहभागिता रहेको थियो।

विद्यालयको दैनिक प्रशासनिक सञ्चालन, जिन्सी व्यवस्थापन, सामाजिक परीक्षण र लेखा प्रणालीलाई कानुनी मापदण्ड अनुसार व्यवस्थित बनाउन यो तालिम आयोजना गरिएको हो।

तालिमको पहिलो सत्रमा बेसीशहर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन अधिकारीले विद्यालयको 'जिन्सी व्यवस्थापन र खरिद प्रणाली सम्वन्धी कानुनी प्रावधानहरूका बारेमा सहजीकरण गर्नुभयो। उहाँले सार्वजनिक खरिद ऐनको पालना र विद्यालयको चल-अचल सम्पत्तिको सही अभिलेखिकरणले विद्यालयको सुशासनमा पुर्‍याउने योगदानबारे प्रकाश पार्नुभयो। **“क्रमशः अर्को पृष्ठमा...”**

बेसीशहर बुलेटिन

## "अघिल्लो पृष्ठबाट..."



त्यसैगरी, दोस्रो सत्रमा नगरपालिकाका लेखा अधिकृत सृजना पौडेलले 'दोहोरो लेखा प्रणाली र जिन्सी खातापाता व्यवस्थापन सम्बन्धी व्यावहारिक प्रशिक्षण दिनुभएको थियो। उहाँले विद्यालयको आय–व्ययलाई पारदर्शी बनाउन र बेरुजु न्यूनीकरण गर्न आधुनिक लेखा प्रणालीको महत्त्वबारे सहभागीहरूलाई प्रशिक्षित गर्नुभयो।
कार्यक्रमको अन्तिम सत्रमा शिक्षा शाखा प्रमुख सिर्जना पाण्डे चिलुवालले 'विद्यालयको सामाजिक परीक्षण) का सम्बन्धमा सहजीकरण गर्नुभएको थियो। विद्यालयले गरेका काम र खर्चको बारेमा समुदायलाई जानकारी दिने र जवाफदेहिता वहन गर्ने प्रक्रियालाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा उहाँले विस्तृत जानकारी गराउनुभयो।
यस तालिमले विद्यालयका प्रशासनिक र आर्थिक जिम्मेवारी सम्हाल्ने कर्मचारीहरूको कार्यकुशलता बढ्ने र विद्यालयको समग्र व्यवस्थापनमा गुणात्मक सुधार आउने विश्वास नगरपालिकाले लिएको छ। कार्यक्रममा सहभागी प्रधानाध्यापक र लेखापालहरूले तालिममा सिकेका कुराहरूले विद्यालयको प्रशासनिक झमेला कम गर्न र आर्थिक अनुशासन कायम गर्न ठूलो सहयोग पुग्ने बताएका छन्।

## सामुदायिक तथा संस्थागत विद्यालयका IEMIS (एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली) फोकल शिक्षकहरूका लागि एकदिने क्षमता विकास तालिम

**बेसीशहर, २०८२/०९/०६ गते ।**
बेसीशहर नगरपालिकाले चालू आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक प्रगति समीक्षा गोष्ठी सफलतापूर्वक सम्पन्न गरेको छ। २०८२ पुस ६ गते आयोजित उक्त गोष्ठीमा नगरपालिकाद्वारा सञ्चालित विभिन्न योजना, कार्यक्रम र सेवा प्रवाहको समीक्षा गरेको हो।
समीक्षा कार्यक्रममा नगरपालिकाका विभिन्न शाखा आ.व. २०८२/८३ को साउनदेखि कात्तिक मसान्तसम्म भएका कार्यहरूको प्रगति विवरण प्रस्तुत गरेका थिए। सो अवसरमा लक्ष्य अनुसारका कामको उपलब्धि, बजेट खर्चको अवस्था र योजना कार्यान्वयनको भौतिक प्रगतिका बारेमा विस्तृत जानकारी गराइएको थियो।
कार्यक्रममा केवल उपलब्धिहरू मात्र नभई कार्यसम्पादनका क्रममा देखिएका नीतिगत, व्यावहारिक र प्राविधिक चुनौतीहरूका बारेमा समेत छलफल भएको थियो। ती चुनौतीहरूलाई चिर्दै आगामी दिनमा योजनाहरूलाई समयमै सम्पन्न गर्न अपनाउनुपर्ने समाधानका उपाय र रणनीतिका विषयमा सहभागीहरूले आफ्ना धारणा राख्नुभएको थियो।
गोष्ठीको समापन कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख श्री गुमान सिंह अर्यालले नगरपालिकाले जनताको सेवामा समर्पित हुँदै सेवा प्रवाहलाई थप सरल, चुस्त र जनमुखी बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट लाग्नु पर्ने कुरा बताउनु भएको थियो  चालू आर्थिक वर्षका बाँकी कार्यक्रमहरूलाई अझ प्रभावकारी ढङ्गले अगाडि बढाउन र लक्षित उपलब्धि हासिल गर्न सबै कर्मचारी तथा सरोकारवालाहरूलाई उच्च मनोबलका साथ कार्य गर्न दिशानिर्देश समेत गरिएको छ।



## विभिन्न तह र विषयका शिक्षकहरूको सहभागितामा २ दिने 'प्रश्न निर्माण कार्यशाला



**बेसीशहर, २०८२/११/२५ गते**
बेसीशहर नगरपालिकाले आगामी नगरस्तरीय वार्षिक परीक्षालाई मर्यादित, स्तरीय र व्यवस्थित बनाउन विशेष तयारी सुरु गरेको छ। यसै सिलसिलामा नगरपालिकाको शिक्षा शाखाको आयोजनामा विभिन्न तह र विषयका शिक्षकहरूको सहभागितामा २ दिने 'प्रश्न निर्माण कार्यशाला सम्पन्न भएको छ।
२०८२ फागुन २४ र २५ गते सञ्चालित उक्त कार्यशालामा नगरभित्रका विभिन्न विद्यालयका ५५ जना अनुभवी शिक्षकहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यशाला मुख्य गरी कक्षा ४ देखि कक्षा ९ सम्मका सम्पूर्ण अनिवार्य विषयहरूको विशिष्टीकरण तालिका अनुसार स्तरीय प्रश्नपत्र तयार गर्नमा केन्द्रित रहेको थियो।
कार्यशालाको सहजीकरण विषय विज्ञहरू विनोद न्यौपाने र सूर्य बहादुर अधिकारीले गर्नुभएको थियो। उहाँहरूले पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा हुने गरी, विद्यार्थीको तार्किक क्षमता मापन गर्ने र सबै स्तरका विद्यार्थीका लागि उपयुक्त हुने वैज्ञानिक प्रश्नहरू कसरी निर्माण गर्ने भन्नेबारे प्रयोगात्मक प्रशिक्षण दिनुभएको थियो। शिक्षा शाखा प्रमुख सिर्जना पाण्डे चिलुवालले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा शिक्षकहरूलाई विषयगत समूहमा विभाजन गरी प्रश्नपत्रको मस्यौदा तयार पारिएको थियो। सहभागी शिक्षकहरूले यस प्रकारको कार्यशालाले परीक्षाको गुणस्तरमा एकरूपता ल्याउन र शिक्षकहरूको मूल्याङ्कन क्षमता अभिवृद्धि गर्न ठूलो सहयोग पुग्ने बताएका छन्।
नगरपालिकाले वार्षिक परीक्षालाई केवल एउटा औपचारिकतामा मात्र सीमित नराखी विद्यार्थीको वास्तविक सिकाइ स्तर मापन गर्ने कडीको रूपमा लिएको छ। कार्यशालाबाट तयार पारिएका प्रश्नहरूलाई परिमार्जन गरी आगामी नगरस्तरीय वार्षिक परीक्षामा प्रयोग गरिने शिक्षा शाखाले जनाएको छ।



## बेसीशहरको शैक्षिक विकासका लागि ५ वर्षे मार्गचित्र: नगर शैक्षिक योजनालाई अन्तिम रूप दिइँदै



**बेसीशहर, २०८२/११/०७ गते**

बेसीशहर नगरपालिकाले नगरको शिक्षा क्षेत्रमा आमूल परिवर्तन ल्याउने लक्ष्यका साथ निर्माण गरिरहेको 'आवधिक नगर शैक्षिक योजनालाई अन्तिम रूप दिन सुरु गरेको छ। यसै सिलसिलामा नगरपालिकाको सभाहलमा शिक्षाविद् तथा विज्ञहरूको उपस्थितिमा एक विशेष 'विज्ञ परामर्श कार्यक्रम सम्पन्न भएको छ।

नगरपालिकाको आगामी ५ वर्षको शैक्षिक कार्यदिशा तय गर्न यस योजनाको मस्यौदामाथि छलफल र परामर्श गर्न आयोजित कार्यक्रममा शिक्षाविद् डा. वसन्त कँडेलको विशेष उपस्थिति रहेको थियो।

कार्यक्रममा नगर शैक्षिक योजना निर्माण समितिका विज्ञ सदस्य विनोद न्यौपानेले योजनाको विस्तृत मस्यौदा प्रस्तुत गर्नुभएको थियो। उक्त मस्यौदामाथि टिप्पणी र सुझाव दिँदै डा. वसन्त कँडेलले बेसीशहरको भौगोलिक र सामाजिक अवस्था अनुसारको व्यावहारिक शिक्षा, प्रविधिको प्रयोग र गुणस्तर सुनिश्चितताका लागि योजनामा समेट्नुपर्ने प्राविधिक तथा नीतिगत पक्षहरूका बारेमा मार्गनिर्देशन गर्नुभयो।

कार्यक्रममा नगर प्रमुख र उपप्रमुखले बेसीशहरलाई शैक्षिक हब बनाउने संकल्पका साथ यो योजना ल्याउन लागिएको बताउँदै प्राप्त सुझावहरूलाई समेटेर योजनालाई कार्यान्वयन योग्य बनाइने प्रतिवद्धता व्यक्त गर्नुभयो। यस्तै, सामाजिक विकास समिति संयोजक मदन बहादुर राना र कार्यपालिका सदस्य हिरा वि.क. ले स्थानीय आवश्यकता र विद्यार्थीको भविष्यलाई केन्द्रमा राखेर योजना परिमार्जन हुनुपर्नेमा जोड दिनुभयो।

प्रमुख प्रशासकीय अधिकृत सुमन अधिकारीले प्रशासनिक र आर्थिक दृष्टिकोणबाट योजनाको सफल कार्यान्वयनका लागि नगरपालिका प्रतिवद्ध रहेको बताउनुभयो। कार्यक्रममा कार्यक्रम अधिकृत मेघेन्द्र पोखेल, नगर शैक्षिक योजना निर्माण समितिका पदाधिकारीहरू तथा मस्यौदा लेखन कार्यदलका सदस्यहरूको उपस्थिति रहेको थियो।

शिक्षा शाखा प्रमुख सिर्जना पाण्डे चिलुवालले सञ्चालन गर्नुभएको उक्त कार्यक्रमले नगरको शैक्षिक विकासका लागि स्पष्ट मार्गचित्र तय गर्ने विश्वास लिइएको छ। यो योजना स्वीकृत भएपछि बेसीशहर नगरपालिकामा शैक्षिक क्षेत्रका हरेक गतिविधिहरू योजनाबद्ध र नतिजामुखी ढङ्गले अगाडि बढ्ने अपेक्षा गरिएको छ।

## २८३ शिक्षकलाई आधारभूत सूचना प्रविधि तथा शिक्षण सिकाइमा ए आई को प्रयोग सम्बन्धी तालिम

**बेसीशहर, लमजुङ २०८२ फागुन १६**

बेसीशहर नगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई विश्वव्यापी प्रविधिको पछिल्लो फड्को 'आर्टिफिसियल इन्टेलिजेन्स (AI) सँग जोड्दै शिक्षा क्षेत्रमा नयाँ युगको सुरुवात गरेको छ। नगरपालिकाको 'प्रविधिमैत्री शिक्षण सिकाइ र अनुगमन कार्यक्रम अन्तर्गत नगरभित्रका १४ वटा माध्यमिक र २ वटा आधारभूत विद्यालयका कुल २८३ जना शिक्षकहरूलाई कार्यस्थलमै पुगेर विशेष डिजिटल तालिम प्रदान गरिएको छ।

२०८२ फागुन १ देखि १६ गतेसम्म सञ्चालित यस वृहत् अभियानमा प्रत्येक विद्यालयमा २ दिनका दरले प्रशिक्षण दिइएको थियो। तालिमलाई प्रभावकारी बनाउन नगरपालिकावाट ४ वटा छुट्टाछुट्टै समूह परिचालन गरिएको थियो, जसमा प्रशिक्षकको रुपमा श्री विनोद न्यौपाने, श्री सूर्य अधिकारी, श्री रण बहादुर खड्का, श्री घनश्याम, श्री रेशम घिमिरे खत्री, श्री पुष्प बराल, श्री विष्णु बराल, श्री निलम श्रेष्ठ लाई खटाइएको थियो भने सम्बन्धित विद्यालयका ICT फोकल शिक्षकहरूले समेत सहजीकरण गरेका थिए ।

नेपाल सरकारको 'डिजिटल नेपाल फ्रेमवर्क' र 'ई-लर्निङ' को अवधारणालाई कक्षाकोठासम्म पुऱ्याउनु यो तालिमको मुख्य लक्ष्य रहेको तालिममा सहभागी शिक्षकहरूलाई परम्परागत शिक्षण विधिभन्दा माथि उठेर ChatGPT, Gemini, Canva र Gamma जस्ता अत्याधुनिक AI टूल्सहरूको प्रयोग गरी ५ मिनेटमै उत्कृष्ट पाठयोजना र शैक्षिक सामग्री निर्माण गर्न सक्षम बनाइएको छ।






साथै, सिकाइ चौतारी जस्ता सरकारी पोर्टलको प्रयोग र डिजिटल माध्यमबाट विद्यार्थीको मूल्याङ्कन गर्ने सीप समेत प्रदान गरिएको छ। ३३ वर्षे अनुभवीदेखि नवप्रवेशीसम्मको उत्साह तालिमको सबैभन्दा सुखद पक्ष रह्यो। सेवा प्रवेश गरेको १ वर्ष मात्र भएका युवा शिक्षकदेखि ३३ वर्षसम्मको लामो अनुभव बटुलेका पाका शिक्षकहरू समेत एआई र डिजिटल टुल्स सिक्न निकै उत्सुक देखिएका थिए। सहभागी शिक्षकहरूबाट संकलित पृष्ठपोषण (Feedback) अनुसार ९८ प्रतिशतले यस तालिमलाई "अत्यन्त सान्दर्भिक र उपयोगी" श्रेणीमा राखेका छन्। विशेष गरी एआईको सहयोगमा पाठयोजना बनाउने र क्यानभाबाट शिक्षण सामग्री तयार पार्ने सत्र शिक्षकहरूको रोजाइमा परेको छ।

तालिम सफलतापूर्वक सम्पन्न भए तापनि सहभागीहरूले २ दिनको समय प्रयोगात्मक अभ्यासका लागि निकै छोटो भएको बताएका छन्। शिक्षकहरूले विद्यालयमा उच्च गतिको इन्टरनेट, प्रत्येक शिक्षकको हातमा ल्यापटप र स्मार्ट बोर्डको व्यवस्था हुनुपर्ने माग समेत राखेका छन्।

यस वृहत् प्रशिक्षण अभियानले बेसीशहर नगरपालिकाका सामुदायिक विद्यालयहरू अब केवल 'कालो पाटी र चक' मा मात्र सीमित नरही आधुनिक प्रविधि र आर्टिफिसियल इन्टेलिजेन्सको माध्यमबाट विद्यार्थीलाई प्रतिस्पर्धी शिक्षा दिन सक्षम हुनेछन भन्ने कुरामा नगरपालिकाले विश्वास राखेको छ । कार्यक्रमको प्रभावकारितावारे नगरपालिकावाट प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख सिर्जना पाण्डे चिलुवाल सहितको टोलिवाट अनुगमन भएको थियो ।

बेसीशहर बुलेटिन

## रैथाने बालीमा बेसीशहरको नयाँ प्रयोग: होमस्टेको मेनुमा थपिँदै आधुनिक र अर्गानिक परिकार




**बेसीशहर, २०८२ माघ ८**

**"स्वस्थ जीवनको आधार, रैथाने बाली र अर्गानिक आहार"** भन्ने दीर्घकालीन लक्ष्यका साथ बेसीशहर नगरपालिकाले स्थानीय गौरव र परम्परालाई आधुनिक स्वादसँग जोड्ने प्रशंसनीय कार्य सुरु गरेको छ। नगरपालिकाको कृषि विकास शाखाको आयोजनामा नगरभित्रका होमस्टेहरूलाई लक्षित गरी सञ्चालन गरिएको दुई दिने रैथाने बालीका परिकार विविधीकरण तालिमले स्थानीय पर्यटन र खानपानमा नयाँ रक्तसञ्चार गरेको छ।माघ ६ र ७ गते आयोजित उक्त तालिममा नगरभित्रका ५ वटा होमस्टेका १५ जना सञ्चालक तथा प्रतिनिधिहरूलाई सहभागी गराइएको थियो। तालिममा कोदो, फापर, जौ र लट्टे जस्ता रैथाने बालीहरूबाट कसरी आधुनिक, आकर्षक र स्वास्थ्यवर्द्धक परिकारहरू तयार पार्न सकिन्छ भन्नेबारे व्यावहारिक प्रशिक्षण दिइएको थियो ।

होमस्टेमा आउने पर्यटकहरूलाई परम्परागत ढिँडो र रोटीका साथै नयाँ स्वादका विविध परिकारहरू पस्कन सक्षम बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो।

तालिमका सहभागीहरूले तयार पारेका सिर्जनशील परिकारहरूलाई माघ ८ गते नवौं लमजुङ महोत्सव २०८२ को भव्य उद्घाटन समारोहमा प्रदर्शनीमा राखिएको थियो। उक्त प्रदर्शनीको गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री माननीय डा. टकराज गुरुङ, पूर्व स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री लगायतका विशिष्ट अतिथिहरूले अभिरुचिका साथ अवलोकन गर्नुभएको थियो।

होमस्टेमा आउने पर्यटकहरूलाई परम्परागत ढिँडो र रोटीका साथै नयाँ स्वादका विविध परिकारहरू पस्कन सक्षम बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो। यस २ दिने तालिम अवधिभरमा कोदोको निम्की, फापरको निम्की, कोदो र फापर मिक्स डुनोट, कप केक, कागुनोको खिर, विस्कुट, कोदोको हलुवा लगायतका विभिन्न परिकारहरूलाई प्रदर्शनीको लागि तयार पारिएको थियो। यस २ दिने तालिम अवधिभरमा कोदोको निम्की, फापरको निम्की, कोदो र फापर मिक्स डुनोट, कप केक, कागुनोको खिर, विस्कुट, कोदोको हलुवा लगायतका विभिन्न परिकारहरूलाई प्रदर्शनीको लागि तयार पारिएको थियो।

तालिमका सहभागीहरूले तयार पारेका सिर्जनशील परिकारहरूलाई माघ ८ गते नवौं लमजुङ महोत्सव २०८२ को भव्य उद्घाटन समारोहमा प्रदर्शनीमा राखिएको थियो। उक्त प्रदर्शनीको गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री माननीय डा. टकराज गुरुङ, पूर्व स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री लगायतका विशिष्ट अतिथिहरूले अभिरुचिका साथ अवलोकन गर्नुभएको थियो।








कृषि विकास शाखावाट प्राविधिक सुझाव तथा सल्लाह उपलब्ध हुने विषयहरू

| बाली उत्पादन सम्बन्धी | माटो तथा खेती प्रणाली सम्बन्धी |
|---|---|
| • बाली छनोट, बीउ बिजन व्यवस्थापन<br>• मल तथा कीटनाशक प्रयोग<br>• सिँचाइ तथा जलव्यवस्थापन<br>• रोग तथा कीरा नियन्त्रण | • माटो परीक्षण तथा सुधार<br>• जैविक खेती तथा कम्पोस्ट<br>• आधुनिक प्रविधि तथा उपकरण<br>• बजारीकरण तथा आम्दानी वृद्धि |

## बेसीशहरका कृषकको खेतमै पुग्यो 'मोबाइल ल्याबः ११० नमूनाको परीक्षण गर्दा ३५ प्रतिशत माटोमा सुधारको खाँचो



**मितिः २०८२ फागुन १२**
बेसीशहर नगरपालिकाले कृषकहरूको मेरुदण्ड मानिने माटोको स्वास्थ्य सुधार्न र उत्पादन वृद्धि गर्न एक विशेष 'घुम्ती माटो परीक्षण शिविर सम्पन्न गरेको छ। नगरपालिकाको कृषि विकास शाखाको आयोजना एवं प्रदेश कृषि प्रयोगशाला, पोखराको प्राविधिक सहयोगमा **मोबाइल स्वायल टेस्टिङ भ्यान (MSTV)** मार्फत ३ दिने सघन घुम्ती शिविर सञ्चालन गरिएको हो।

यही फागुन १०, ११ र १२ गते सञ्चालित उक्त शिविर नगरपालिकाको वडा नं. १ को वडा कार्यालय, २ को वडा कार्यालय र कृषि विकास कार्यालय, लमजुङको परिसरमा सम्पन्न भएको थियो। खेतबारीकै माटो तत्काल परीक्षण गरी वैज्ञानिक नतिजा प्राप्त हुने भएपछि नगरका विभिन्न वडाबाट कृषकहरूको उत्साहजनक सहभागिता रहेको थियो। अन्नबाली, तरकारी र फलफूल खेती गरिरहेका कुल ७९ जना कृषकहरूले ११० वटा माटोको नमूना सहित शिविरमा उपस्थिति जनाएका थिए। शिविरमा परीक्षण गरिएका ११० वटा नमूनाहरूको नतिजा विश्लेषण गर्दा बेसीशहरको माटोको अवस्था चुनौतीपूर्ण देखिएको छः

**अम्लीयपनको अवस्थाः** परीक्षण गरिएका नमूनामध्ये ५ वटा कडा अम्लीय र ७० वटा (६४ प्रतिशत) माटो हल्का वा मध्यम अम्लीय पाइएको छ। समग्रमा ३५ प्रतिशत माटोमा तत्काल कृषि चुन प्रयोग गरी सुधार गर्नुपर्ने देखिएको छ। बाँकी ३३ वटा नमूना तटस्थ र २ वटा हल्का क्षारीय पाइएका छन्।

**पोषक तत्वको ह्रासः** माटोमा बिरुवाका लागि अत्यावश्यक मानिने प्राङ्गारिक पदार्थ, नाईट्रोजन र पोटासियमको मात्रा निकै निराशाजनक अर्थात् तीव्र रूपमा घट्दो क्रममा रहेको पाइएको छ। यद्यपि, अधिकांश नमूनामा फस्फोरसको मात्रा भने सन्तोषजनक रहेको देखिएको छ।

यस निःशुल्क शिविरमार्फत ७९ कृषक घरधूरीलाई "सही ज्ञान एवम् समुचित समाधान, समुपयुक्त व्यवस्थापन" को मूल मर्मभित्र समेटी थप जागरुक बनाइएको छ। परीक्षण पश्चात् प्राप्त तथ्यपरक रिपोर्टका आधारमा माटो सुधारका लागि अवलम्बन गर्नुपर्ने प्रक्रियाबारे विज्ञहरूले कृषकहरूलाई व्यक्तिगत रूपमा प्राविधिक सल्लाह र सुझाव प्रदान गरेका थिए।

शिविरका क्रममा कृषकहरूले माटो जाँचको महत्त्व, नमूना सङ्कलन गर्ने सही तरिका र समय, आवश्यक नमूनाको आकार तथा कृषि चुनको उचित प्रयोग विधिबारे व्यवहारिक ज्ञान हासिल गरेका छन्। माटोको उर्वरशक्ति र उत्पादनशीलतालाई दीगो रूपमा बचाई राख्न यो शिविरले उल्लेख्य टेवा पुऱ्याएको नगरपालिकाको कृषि विकास शाखाले जनाएको छ। आफ्नै गाउँ-ठाउँमा अत्याधुनिक प्रविधिमार्फत निःशुल्क माटो जाँच गराउन पाउँदा बेसीशहरका कृषकहरूले नगरपालिकाको यस कार्यको मुक्तकण्ठले प्रशंसा गरेका छन्। यस अभियानले आगामी दिनमा भूमीको उर्वरशीलतालाई जिवित राख्दै उत्पादन वृद्धि र लागत न्यूनीकरणमा ठूलो सहयोग पुग्ने विश्वास लिइएको छ।



## बेसीशहरका ११ नर्सरीबाट ८ लाखभन्दा बढी बिरुवा वितरणः ९६३ कृषक लाभान्वित



बेसीशहर नगरपालिकाले नगरलाई तरकारी उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ सञ्चालन गरेको वडास्तर नर्सरी कार्यक्रम बाट उल्लेख्य सफलता प्राप्त भएको छ । नगरपालिकाको कृषि विकास शाखाको प्राविधिक समन्वयमा स्थापित ११ वटा नर्सरीहरू मार्फत चालू सिजनमा ८ लाख १३ हजार ७ सय ४३ वटा विभिन्न जातका तरकारीका बिरुवा उत्पादन गरी वितरण गरिएको छ ।

नगरपालिकाका अनुसार पहिलो सिजनमा काउली ३४,८०२, बन्दा २५,८८४, ब्रोकाउली १२,५९०, गोलभेडा १,८०१ र सबैभन्दा बढी प्याजका ७,३८,६६६ वटा स्वस्थ बिरुवा उत्पादन गरिएका छन् । यी बिरुवाहरू नगरभित्रका ९६३ कृषक घरधूरीलाई वितरण गरिएको छ, जसले करिब ५२.९४ रोपनी क्षेत्रफलमा तरकारी खेती विस्तार भएको छ । "बीउ गुणाको बोट, बोट गुणाको फल" भन्ने मान्यतालाई आत्मसात गर्दै नगरपालिकाले कृषकहरूलाई स्वस्थ र गुणस्तरीय बेर्ना उपलब्ध गराएको हो । वडास्तरमै नर्सरी स्थापना हुँदा साधारण कृषकहरूको बिरुवा उमार्न लाग्ने समय, मेहेनत र लगानीको ठूलो बचत भएको छ । यस कार्यक्रमले नगरको समग्र तरकारी उत्पादन र उत्पादकत्व वृद्धिमा महत्वपूर्ण टेवा पुऱ्याउने विश्वास कृषि विकास शाखाले लिएको छ ।

## बेसीशहरमा मौरीपालन फस्टाउँदैः ३०० घारबाट १८ सय केजी मह उत्पादन

बेसीशहर नगरपालिकाले मौरीपालनलाई व्यावसायिक रूप दिँदै मह उत्पादनमा उल्लेख्य प्रगति हासिल गरेको छ । आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा नगरपालिकाले स्थापना गरेका ४ वटा मौरी मिनिपकेट क्षेत्रहरूबाट यस वर्ष उत्साहजनक उत्पादन प्राप्त भएको छ ।

नगरपालिकाको तथ्याङ्क अनुसार हाल सञ्चालित ३०० वटा मौरीका घारहरूबाट करिब १८०० केजी मह उत्पादन भएको छ । मौरीपालनप्रति कृषकको आकर्षण बढेसँगै नगरपालिकाले यस कार्यक्रमलाई थप विस्तार गरेको छ। निरन्तरता कार्यक्रम अन्तर्गत ४ वटा पकेट क्षेत्रमा थप ९६ वटा मौरीका घारहरू वितरण गरिएको छ।

मह उत्पादनको परिमाण बढाउनुका साथै गुणस्तरमा सुधार ल्याउन नगरपालिकाले यस वर्ष दुई वटा अत्याधुनिक महमदानी (Honey Extractor) समेत उपलब्ध गराएको छ । नयाँ उपकरण र थपिएका घारहरूका कारण आगामी वर्ष महको उत्पादनमा अझै वृद्धि हुने र कृषकहरूको आम्दानीको स्रोत बलियो बन्ने अपेक्षा गरिएको छ । व्यावसायिक मौरीपालनले बेसीशहरलाई महको हबको रूपमा चिनाउन मद्दत पुऱ्याएको छ ।



बेसीशहर बुलेटिन

## स्वास्थ्य चौकीहरूको न्यूनतम सेवा मापदण्ड (MSS) मूल्याङ्कन सम्पन्नः उदीपुर स्वास्थ्य चौकी ७७ प्रतिशत अंकसहित पहिलो




**बेसीशहर, लमजुङ ।**
बेसीशहर नगरपालिकाले नगरभित्रका स्वास्थ्य संस्थाहरूको सेवाको गुणस्तर सुधार र सुदृढीकरणका लागि सञ्चालन गरेको 'न्यूनतम सेवा मापदण्ड' (MSS) स्व-मूल्याङ्कन कार्यक्रम सम्पन्न भएको छ । पुस महिनाबाट सुरु भई माघमा सम्पन्न भएको यस मूल्याङ्कन प्रक्रियामा नगरका विभिन्न स्वास्थ्य चौकीहरूले आफ्नो कार्यसम्पादनको आधारमा उत्साहजनक नतिजा प्राप्त गरेका छन्।

स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको भौतिक पूर्वाधार, मानव संशाधन व्यवस्थापन र सेवा प्रवाहको प्रभावकारिताका आधारमा गरिएको मूल्याङ्कनमा **उदीपुर स्वास्थ्य चौकी ७७ प्रतिशत** अंक प्राप्त गर्दै पहिलो स्थानमा रहन सफल भएको छ।

यसैगरी, **पुरानोकोट स्वास्थ्य चौकीले ७२ प्रतिशत**, **चितिथला स्वास्थ्य चौकीले ६५ प्रतिशत**, **बाझखेत स्वास्थ्य चौकीले ६२ प्रतिशत** र **चण्डिस्थान स्वास्थ्य चौकीले ६२ प्रतिशत** अंक प्राप्त गरेका छन्। यस्तै, **नाल्मा स्वास्थ्य चौकीले ५८ प्रतिशत** र **गाउँशहर स्वास्थ्य चौकीले ५५ प्रतिशत** अंक प्राप्त गरी आफ्नो सेवाको अवस्था सार्वजनिक गरेका छन्।

यस मापदण्डले स्वास्थ्य संस्थाहरूमा रहेका कमी-कमजोरीहरूलाई पहिचान गरी आगामी दिनमा सेवालाई थप व्यवस्थित र बिरामीमैत्री बनाउन मार्गनिर्देश गर्ने नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ।

## बेसीशहरलाई क्षयरोग मुक्त बनाउने अभियान तीव्रः जोखिम समूहका २४६ जनाको विशेष स्क्रिनिङ



**बेसीशहर, लमजुङ ।**
बेसीशहर नगरपालिकाले नगरलाई क्षयरोग मुक्त बनाउने राष्ट्रिय लक्ष्यलाई आत्मसात गर्दै जोखिमपूर्ण समूहहरूमा सक्रिय खोजपड्ताल अभियान सञ्चालन गरेको छ। स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका र रोगको उच्च जोखिममा रहेका समुदायलाई लक्षित गरी नगरपालिकाका विभिन्न वडाहरूमा यो कार्यक्रम सञ्चालन गरिएको हो।

नगरपालिकाको वडा नं २, ३, ४, ५, ९ र ११ मा सञ्चालित यस स्क्रिनिङ शिविरमा विशेष गरी सुकुम्वासी बस्ती (Slums), अपाङ्गता भएका व्यक्तिहरू र मौसमी बसाइँसराइ गर्ने श्रमिकहरू (Seasonal Migration Population) लाई प्राथमिकता दिइएको थियो।

स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने र रोग लुकाएर बस्न सक्ने सम्भावित बिरामीहरूको पहिचान गर्न स्वास्थ्यकर्मीको टोली प्रत्यक्ष उनीहरूको बस्तीमै पुगेको थियो।

यस अभियानका क्रममा जम्मा २४६ जनाको खकार संकलन गरी परीक्षण गरिएको स्वास्थ्य शाखाले जनाएको छ। जसमा ९६ जना पुरुष र १५० जना महिला रहेका छन्। जोखिममा रहेका तर सेवाबाट वञ्चित समुदायमा पुगेर क्षयरोगको निदान गर्नु नै यो कार्यक्रमको मुख्य सफलता हो । स्वास्थ्य शाखाले जानकारी दिएको छ। नगरपालिकाले क्षयरोगको समयमै पहिचान र निःशुल्क उपचारमार्फत नगरलाई पूर्ण क्षयरोग मुक्त बनाउने लक्ष्य राखेको छ।

## सुनौलो हजार दिनका आमाहरूलाई पोषण शिक्षा

**बेसीशहर, लमजुङ । २०८२ माघ**
बालबालिका र सुत्केरी आमाहरूको पोषण अवस्थामा सुधार ल्याई कुपोषण न्यूनीकरण गर्ने उद्देश्यले बेसीशहर नगरपालिकाले एक विशेष सचेतना कार्यक्रम सम्पन्न गरेको छ। नगरपालिका अन्तर्गतका १३ वटा स्वास्थ्य संस्थाहरूले २०८२ माघ महिनामा 'सुनौलो हजार दिनका महिला तथा पाँच वर्ष मुनिका बालबालिकाहरूलाई लक्षित गरी पोषण नाङ्लो थाली प्रदर्शनी र पोषिलो जाउलो सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरेका हुन्। कार्यक्रममा स्वास्थ्यकर्मीहरूले स्थानीयस्तरमा उपलब्ध हुने अन्न, गेडागुडी, सागपात र फलफूललाई मिलाएर कसरी सन्तुलित भोजन तयार पार्न सकिन्छ भन्ने कुरा **पोषण नाङ्लो थाली** मार्फत प्रयोगात्मक रूपमा देखाएका थिए। "विशेष गरी बच्चा गर्भमा रहेको समयदेखि जन्मिएको दुई वर्षसम्मको अवधि (सुनौलो हजार दिन) मा आमा र बच्चाको खानपानमा ध्यान दिनुपर्ने कुरालाई कार्यक्रममा जोड दिइएको थियो। प्रदर्शनका क्रममा बालबालिकाहरूका लागि पोषिलो जाउलो बनाउने सही तरिका र यसको महत्त्वका बारेमा आमाहरूलाई व्यावहारिक ज्ञान दिइएको थियो। बजारमा पाइने प्याकेटका खानेकुरा (Junk Food) भन्दा घरमै तयार पारिएको लिटो र जाउलो धेरै स्वस्थकर हुने सन्देश प्रवाह गरिएको थियो। नगरपालिकाले स्वास्थ्य र पोषणलाई प्राथमिकतामा राख्दै गाउँ-गाउँमा यस्ता प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरेपछि स्थानीय आमाहरूमा स्वास्थ्य सचेतना बढेको पाइएको छ। यस कार्यक्रमले आगामी दिनमा नगरका बालबालिकाहरूमा हुने कुपोषणको जोखिमलाई कम गरी स्वस्थ पुस्ता निर्माणमा महत्वपूर्ण टेवा पुऱ्याउने विश्वास लिइएको छ।





## बेसीशहरमा एच.पि.भि (HPV) खोप अभियान सम्पन्न: ३४३ किशोरीहरूले लगाए क्यान्सर विरुद्धको खोप




**बेसीशहर, २०८२ माघ २९ गते ।**
बेसीशहर नगरपालिकाले महिला स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्दै पाठेघरको मुखको क्यान्सर विरुद्धको एच.पि.भि (HPV) खोप अभियान सफलतापूर्वक सम्पन्न गरेको छ। स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण गर्ने नीति अन्तर्गत २०८२ साल माघ २७ गतेदेखि २९ गतेसम्म विद्यालय केन्द्रित खोप अभियान सञ्चालन गरिएको थियो।
यस अभियान अन्तर्गत नगरपालिकाका विभिन्न विद्यालयहरूमा खोप केन्द्र स्थापना गरी कक्षा ६ मा अध्ययनरत किशोरीहरू र विद्यालय नजाने १० वर्षसम्मका किशोरीहरूलाई खोप प्रदान गरिएको थियो। तीन दिनसम्म चलेको यस विशेष अभियानमा जम्मा ३४३ जना किशोरीहरूले पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप लगाएका छन् ।
भविष्यमा हुनसक्ने क्यान्सरको जोखिमलाई समयमै न्यूनीकरण गर्न यो खोप अभियान कोशेढुङ्गा सावित हुने नगरपालिकाको विश्वास छ। अभियानलाई सफल बनाउन विद्यालय, स्वास्थ्यकर्मी र अभिभावकहरूको सक्रिय सहयोग रहेको स्वास्थ्य शाखाले जनाएको छ।


## पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि बेसीशहरमा विशेष कार्यशाला सम्पन्न

**बेसीशहर, २०८२ चैत २२ ।**
बेसीशहर नगरपालिकाले नगरलाई पूर्ण खोपयुक्त अवस्थामा दिगो रूपमा टिकाइराख्न र नियमित खोप सेवालाई थप प्रभावकारी बनाउन विशेष अभिमुखीकरण तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न गरेको छ। २०८२ चैत २२ गते आयोजित उक्त कार्यक्रममा स्थानीय तह खोप समन्वय समिति र स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।
नगर प्रमुख श्री गुमान सिंह अर्यालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नगर उपप्रमुख श्री पदमा गुरुङ र प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारीको विशेष उपस्थिति रहेको थियो।
कार्यक्रममा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र यसको दिगोपनाका लागि 'सूक्ष्म योजना अद्यावधिक गर्ने विषयमा गहन छलफल भएको थियो।
कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख अर्यालले बालबालिकाको स्वास्थ्य अधिकार सुनिश्चित गर्न खोप सेवालाई प्रभावकारी बनाउनु पर्नेमा जोड दिनुभयो। यस्तै, उपप्रमुख गुरुङ र प्रमुख प्रशासकीय अधिकृत अधिकारीले स्वास्थ्य र सरसफाइलाई एकैसाथ अगाडि बढाउन 'सरसफाइ प्रवर्द्धन प्याकेजको महत्त्वका बारेमा जानकारी गराउनुभएको थियो।
स्वास्थ्यकर्मीहरूलाई प्रशिक्षित गराउँदै सम्पन्न भएको यस कार्यक्रमले नगरको स्वास्थ्य सेवालाई थप व्यवस्थित, जनमुखी र परिणाममुखी बनाउने लक्ष्य लिएको छ।












बेसीशहर बुलेटिन

## सुत्केरी र नवजात शिशुको घरमै स्वास्थ्य परीक्षण



**बेसीशहर, लमजुङ ।**
बेसीशहर नगरपालिकाले सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै घरदैलोमै पुगेर स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिएको छ। नगरपालिकाको स्वास्थ्य शाखा मार्फत चालू आर्थिक वर्षको माघ महिनादेखि चैत मसान्तसम्मको अवधिमा नगरका विभिन्न वडाहरूमा रहेका ४२ जना सुत्केरी महिला र उनीहरूका नवजात शिशुहरूको घरमै पुगी स्वास्थ्य जाँच गरिएको छ।
यस विशेष अभियान अन्तर्गत स्वास्थ्यकर्मीहरूको टोलीले सुत्केरी आमा र शिशुको शारीरिक अवस्थाको सूक्ष्म निरीक्षण गर्नुका साथै उनीहरूलाई उपयुक्त खानपान, सरसफाइ र स्वास्थ्य शिक्षाका बारेमा परामर्श समेत प्रदान गरेको थियो।

घरभेटका क्रममा गरिएका स्वास्थ्य जाँचमा केही सुत्केरी आमाहरूमा स्तनपानसँग सम्बन्धित समस्याहरू फेला परेका थिए।
विशेष गरी स्तन गानिने, स्तनको मुन्टा भित्र पस्ने र मुन्टा फुट्ने जस्ता समस्या देखिएका आमाहरूलाई स्वास्थ्यकर्मीले उचित स्याहार र उपचारका विधिहरू सिकाएका थिए।
त्यसैगरी, नवजात शिशुहरूमा पनि केही स्वास्थ्य चुनौतीहरू देखिएका थिए। केही शिशुहरूमा कमलपित्त (Jaundice), ज्वरो आउने र छालामा फोकाहरू देखिने जस्ता 'खतराका लक्षण÷हरू पाइएको थियो। यस्ता समस्या देखिएका शिशुहरूलाई तत्काल आवश्यक परामर्श र उपचारका लागि स्वास्थ्य संस्थामा समन्वय गरिएको थियो।
नगरपालिकाले घरमै पुगेर सेवा दिँदा अस्पतालसम्म जान कठिनाइ हुने परिवारहरू निकै लाभान्वित भएका छन्। समयमै खतराका लक्षणहरूको पहिचान गरी उपचार र परामर्श दिँदा मातृ मृत्युदर र शिशु मृत्युदर न्यूनीकरणमा ठूलो सहयोग पुग्ने नगरपालिकाको विश्वास छ। सुत्केरी र नवजात शिशुको हेरचाहमा नगरपालिकाले देखाएको यो सक्रियताले स्थानीय स्तरमा निकै प्रशंसा पाएको छ।



## मानसिक स्वास्थ्य र मनोसामाजिक सुस्वास्थ्यमा बेसीशहरको पहलः व्यक्तिगत परामर्शदेखि समुदायस्तरसम्म सचेतना



बेसिशहर नगरपालिकाभित्र मनोसामाजिक समस्यामा रहेका नागरिकहरूलाई प्रत्यक्ष भेटघाटका माध्यमबाट व्यक्तिगत परामर्श सेवा प्रदान गर्ने कार्यक्रम सफलतापूर्वक सञ्चालन गरिएको छ। यस कार्यक्रमअन्तर्गत ९ पुरुष र १३ महिला गरी जम्मा २२ जना सेवाग्राहीलाई व्यक्तिगत मनोसामाजिक परामर्श उपलब्ध गराइएको छ। सेवाग्राहीका परिवार सदस्यहरूलाई समेत मनोशिक्षा प्रदान गरिएकाले परिवारस्तरमा नै सहयोगी वातावरण निर्माण हुन सहयोग पुगेको छ।

**परिवारस्तरमा मनोशिक्षा**
सेवाग्राहीहरूलाई मात्र नभई उनीहरूका परिवार सदस्यहरूलाई समेत मनोशिक्षा प्रदान गरिएको छ। यसबाट परिवारस्तरमा नै सहयोगी वातावरण निर्माण गर्न तथा मानसिक स्वास्थ्य सम्बन्धी कलंक (stigma) हटाउन महत्वपूर्ण योगदान पुगेको छ।

**विद्यालयमा समूह परामर्श कार्यक्रम**
बाल कल्याण माध्यमिक विद्यालय र जनविकास माध्यमिक विद्यालय, चण्डी डाँडमा जोखिममा रहेका बालबालिकाहरूका लागि समूह परामर्श (Group Counselling) कार्यक्रम सञ्चालन गरिएको छ। उक्त कार्यक्रममार्फत बालबालिकाहरूले आफ्ना भावना व्यक्त गर्न, आत्मविश्वास बढाउन र सकारात्मक सोच तथा व्यवहार विकास गर्न उल्लेखनीय सहयोग प्राप्त गरेका छन्।

**समुदायस्तरीय अभिमुखीकरण कार्यक्रम**
विभिन्न समुदायमा आधारित आमा समूह, युवा क्लब र टोल सुधार समितिहरूमा गहन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रममा मनोसामाजिक समस्याका कारण, लक्षण तथा व्यवस्थापनका उपायहरूबारे विस्तृत जानकारी प्रदान गरिएको छ। साथै, तनाव व्यवस्थापन र स्व-हेरचाहको महत्वबारे सचेतना अभिवृद्धि गरिएको छ।
यस कार्यक्रमले समुदायमा मानसिक स्वास्थ्यप्रति सकारात्मक धारणा विकास गर्न तथा सेवामा पहुँच बढाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।



> **"यी सबै कार्यक्रमहरूले बेसिशहर नगरपालिकाभित्र मनोसामाजिक सुस्वास्थ्य प्रवर्द्धन गर्न तथा सेवामा पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ — जुन नगरपालिकाको समग्र सामाजिक विकासको प्रयासको एक सशक्त कदम हो।"**

# बेसीशहर बुलेटिन

२०८३ बैशाख १ गते, मंगलवार
नेपाल सम्वत: ११४६, चौलागा द्वादशी



## सुई-धागोमा बुनिँदैछ आत्मनिर्भरताको सपना: नगरपालिकामा महिला सीप विकास तालिम जारी



**बेसीशहर बेसीशहर, लमजुङ,**
हातमा सुई, धागो र सिलाइ मेसिन — यिनै साधनहरू अहिले बेसीशहर नगरपालिकाका महिलाहरूको जीवन परिवर्तनको माध्यम बन्दैछन्। **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम** तथा **"महिलासँग उपमेयर"** कार्यक्रम अन्तर्गत वडा नं. २ र ३ की १० जना महिला सहभागीहरूका लागि ३ महिने आधारभूत सिलाइकटाइ सीप विकास तालिम सञ्चालन भइरहेको छ।

२०८२ साल फागुन ९ गतेदेखि शुरु भएको यो तालिम २०८३ साल जेठ ६ गतेसम्म जारी रहने छ। तीन महिनाको यस अवधिमा सहभागी महिलाहरू व्यावहारिक सिलाइकटाइ सीपमा दक्ष हुँदै गएका छन्।

तालिमको मूल उद्देश्य स्थानीय महिलाहरूलाई सीपमूलक ज्ञान प्रदान गरी आत्मनिर्भर बनाउनु र आयआर्जनका नयाँ अवसर सिर्जना गर्नु रहेको छ। सहभागीहरूलाई केवल प्राविधिक सीप मात्र नभई भविष्यमा आफ्नै व्यवसाय सञ्चालन गर्न सक्ने गरी रोजगारमुखी ज्ञान प्रदान गरिँदैछ।

यस कार्यक्रमले एकातर्फ महिलाहरूको आर्थिक सशक्तीकरणमा टेवा पुर्‍याउने र अर्कोतर्फ स्थानीय उद्यमशीलताको संस्कृति विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

बेसीशहर नगरपालिकाले यस्ता सीपमूलक कार्यक्रमहरूमार्फत वडास्तरका महिलाहरूलाई आर्थिक रूपमा सबल बनाउने प्रयास निरन्तर जारी राखेको छ। "महिलासँग उपमेयर" जस्ता लक्षित कार्यक्रमहरूले तल्लो तहका महिलाहरूसम्म विकासका अवसर पुर्‍याउन सहयोग गरिरहेका छन्।

तालिम सम्पन्न भएपश्चात् सहभागी महिलाहरू आफ्नै सिलाइ व्यवसाय सञ्चालन गर्न सक्षम हुने र यसले उनीहरूको पारिवारिक जीवनस्तर उकास्नमा प्रत्यक्ष योगदान पुग्ने विश्वास लिइएको छ।



## बेसीशहर नगरपालिकामा ४७ युवालाई ड्राइभिङ सीप विकास तालिम



**बेसीशहर, लमजुङ**
वेसीशहर नगरपालिकाले युवाहरूलाई आत्मनिर्भर बनाउने लक्ष्यसहित युवा सीप विकास कार्यक्रम अन्तर्गत ४५ दिने हलुका सवारी चालक तालिम सञ्चालनमा ल्याएको छ। नगरपालिकाका वडा नं. १ देखि ११ सम्मका ४७ जना युवाहरू यस तालिममा सहभागी छन्।
तालिम अवधिभर सहभागीहरूलाई सैद्धान्तिक तथा व्यावहारिक दुवै प्रकारको ज्ञान प्रदान गरिनेछ। सवारी सञ्चालनका आधारभूत नियमहरू, सडक सुरक्षाका मापदण्डहरू, ट्राफिक संकेतहरूको पहिचान र बुझाइ तथा जिम्मेवार चालक बन्न आवश्यक मनोवैज्ञानिक तथा प्राविधिक सीपहरू यस तालिममा समावेश गरिएका छन्। अनुभवी प्रशिक्षकहरूको नेतृत्वमा सञ्चालन हुने यस कार्यक्रमले सहभागीहरूलाई लाइसेन्स परीक्षाका लागि पूर्ण तयारी गराउने लक्ष्य राखेको छ।
स्थानीय स्तरमै सीप विकास गरी आत्मनिर्भरता बढाउने उद्देश्यले सञ्चालन भएको यस कार्यक्रमले युवाहरूलाई स्वरोजगार तथा रोजगारीका नयाँ ढोका खोल्ने अपेक्षा गरिएको छ। तालिम सम्पन्न भएपछि सहभागीहरूले निजी क्षेत्र, यातायात व्यवसाय तथा स्वरोजगारका विभिन्न क्षेत्रमा आफ्नो करियर निर्माण गर्न सक्नेछन्।
नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतका अनुसार यो तालिम युवा रोजगार प्रवर्द्धन नीतिको एक महत्वपूर्ण हिस्सा हो। आगामी दिनहरूमा थप सीप विकास कार्यक्रमहरू सञ्चालनमा ल्याउने योजना रहेको उनले बताए। कार्यक्रमप्रति सहभागी युवाहरू अत्यन्त उत्साहित देखिएका छन् र यस अवसरलाई आफ्नो जीवनमा सकारात्मक परिवर्तन ल्याउने माध्यमका रूपमा लिएका छन्।

## लघु उद्यमी उत्पादन प्रवर्द्धनमा मेला महोत्सव प्रभावकारी




**बेसीशहर, लमजुङ**
स्थानीय तहमा सृजना गरिएका लघु उद्यमीहरूले उत्पादन गरेका वस्तुहरूको बजारीकरण तथा प्रचार-प्रसारका लागि विभिन्न स्थानमा आयोजना हुने मेला महोत्सवहरू प्रभावकारी माध्यम बन्दै गएका छन्। यस्ता कार्यक्रमले ग्रामीण उद्यमीहरूलाई आफ्ना उत्पादन सिधै उपभोक्तासम्म पुर्‍याउने अवसर प्रदान गरेका छन्।
गाउँ-गाउँमा स्थापना भएका लघु घरेलु तथा साना उद्योगहरूले उत्पादन गरेका वस्तु तथा सामग्रीलाई व्यापक बजारमा पुर्‍याउन यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेलिरहेका छन्। विशेष गरी ग्रामीण क्षेत्रमा उत्पादित वस्तुहरूलाई सहरका उपभोक्तासम्म चिनाउन मेला महोत्सव उपयुक्त प्लेटफर्मका रूपमा देखिएका छन्।
स्थानीय तह, उद्योग वाणिज्य संघ तथा विभिन्न संघसंस्थाहरूको सहकार्यमा आयोजना हुने यस्ता मेला महोत्सवमा सहभागी भई उद्यमीहरूले आफ्ना उत्पादन प्रत्यक्ष रूपमा प्रदर्शन तथा बिक्री गर्ने अवसर पाएका छन्। यसले उनीहरूको आम्दानी वृद्धि गर्नुका साथै व्यवसाय विस्तारमा समेत टेवा पुर्‍याएको छ।

## नगरपालिकावाट संचालित केही आयोजनाहरुको फोटो





भोटेफाट खासुरबेसी खासुर सडक स्तरोन्नति, बेसीशहर नगरपालिका वडा नं १०




बि. पि. स्मृति भवन निर्माण/ स्तरोन्नति कार्य, बेसीशहर नगरपालिका वडा नं ८





रानीकुवा गाउँशहर नाल्मा हुँदै लक्ष्मिबजार सडक निर्माण/ स्तरोन्नति कार्य

प्रकाशक: बेसीशहर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बेसीशहर लमजुङ
(फोन नं.): ०६६-५२०१५० | (वेवसाइट): www.besishaharmun.gov.np | (ईमेल):besishaharmunicipality@gmail.com

## नगरपालिकावाट संचालित केही आयोजनाहरुको फोटो



वडा कार्यालय भवन निर्माण, वडा नं १०








धुरपुरे-दुइथोक-बिम्दा-बाख्रेजगत-नाल्मा सडक स्तरोन्नति कार्य









भकुण्डे–तिनपिप्ले–तिलहार सडक स्तरोन्नति कार्य, वडा नं. ११-